मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५
च.नं : १५०२

मिति: २०७५/०१/३१

विषयः- सामुदायिक स्वास्थ्य इकाईको व्यवस्थापन गरिदिनु हुन ।

श्री प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा
टेकु, काठमाण्डौं ।

प्रस्तुत विषयका सम्बन्धमा यस मंगला गाउँपालिका ४ नं. वडाका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा लिन कुनैपनि स्वास्थ्य संस्था नभएको, नजिकको पायक पर्ने स्वास्थ्य संस्था ३ नं. वडामा भए पनि सेवा लिन आउन जान ५ घण्टा सम्म समय लाग्ने गरेको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाको यस वर्षको निशर्त अनुदान बजेटबाट रु. पाँच लाख विनियोजन गरी २ कोठाको, बत्ती पानी, शौचालयको व्यवस्था भएको घर भाडामा लिई १ जना अ.न.मी. स्वास्थ्यकर्मीलाई सेवा करारमा लिई औषधि, फर्निचर, स्टेशनरी लगायत आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरी मिति २०७४ चैत्र १ गते देखि सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सेवा सुचारु भई रहेको छ । गाउँपालिकालाई प्राप्त हुने निशर्त अनुदानको रकम अत्यन्त कम भएको र ४ नं. वडाका नागरिकहरुलाई विस्तारित स्वास्थ्य सेवाको उपलब्धताको लागि वडा समितिको निर्णय र सिफारिस एवं अनुरोध भइआएको हुँदा आगामी आर्थिक वर्ष देखि उक्त सामुदायिक स्वास्थ्य इकाईको आर्थिक तथा भौतिक व्यवस्थापनका लागि प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखामा अनुरोध गरी पठाउने भनी गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेकाले उक्त सामुदायिक स्वास्थ्य इकाईको व्यवस्थापन गरिदिनु हुनको लागि हार्दिक अनुरोध छ ।

२०७५।१।३१
विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ :-

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :- यस गाउँपालिकाको ४ नं. वडामा स्थापना गरी सुंचालन भईरहेको सामुदायिक स्वास्थ्य इकाईको आगामी आर्थिक वर्ष देखि स्वास्थ्य चौकीमा स्तरोन्नति गरी आवश्यक व्यवस्थापन गरीदिनु हुन सादर अनुरोध छ ।
रामशाहपथ, काठमाण्डौं